# राष्ट्रिय सूचना आयोग

## का.म.न.पा.-१० (देवीनगर) काठमाडौं

प.सं. ०७५/७६
च.नं.

## कोरोना महामारिका समयमा सूचनाको हकको महत्व विषयक छलफल कार्यक्रम सम्बन्धी प्रेस विज्ञप्ती

सूचनाको हकको पक्षमा लाग्ने सबैका लागि आजको दिन एक महत्वपूर्ण दिन हो ।संयुक्त राष्ट्रसंघको महासभाले गत बर्ष अर्थात् १५ अक्टोबर २०१९ मा आजको दिन (September-28) लाई प्रत्येक वर्ष सूचनामा सर्वव्यापी पहुँच सम्बन्धी अन्तराष्ट्रिय दिवसका रुपमा मान्ने गरी घोषणा गरेको छ । त्यस अर्थमा यो संयुक्त राष्ट्रसंघले घोषणा गरे पश्चातको पहिलो दिवस हो । सेप्टेम्वर २८ लाई सूचनाको सर्वव्यापी पहुँच सबन्धी अन्तराष्ट्रिय दिवसका रुपमा मनाउने क्रम सन् २०१५ देखि नै युनेस्को (UNESCO) को महासभाले घोषणा गरे पश्चात शुरु भएको थियो । यस अवसरमा राष्ट्रिय सूचनाआयोगद्धारा “कोरोना महामारीका समयमा सूचनाको हकको महत्व विषयक अन्तरकृया” (Panel Discussion on Access to Information during Corona Pandemic) कार्यक्रमको आयोजना गरेको छ । कार्यक्कममा राष्ट्रिय सूचना आयोगका आयुक्त श्री कमला ओली थापाले यस दिवसको महत्व, संयुक्तराष्ट्र संघले यो दिवस घोषणा गरेको कारण र आयोगले गरेका कार्यहरुकाबारेमा आफ्नो मन्तव्य राख्नु भएको थियो । आयोगकै आयुक्त श्री रत्न प्रसाद मैनालीले कोरोनाका समयमा आयोगवाट भएका आदेश तथा अभियन्ताहरुले नागरिकलाई सचेत बनाउन पर्ने विचार व्यक्त गर्नुभएको थियो । त्यसैगरी UNESCO Nepal का प्रमुख श्री Christian Manhart ले विपदका बेलामा सूचनाको हकको महत्व थप बढेर जाने र नेपालले तथा आयोगले गरिरहेको कामको प्रशंसा गर्दै अझै पनि सूचना पाउन मुस्किल रहेको हुंदा यस क्षेत्रमा थप सुधार गर्दै जान पर्ने विचार व्यक्त गर्नुभयो । कार्यक्रममा नेपाल पत्रकार महासंघका सभापति श्री गोविन्द आचार्यले सूचनाको हक सम्बन्धी कानून ल्याउन महासंघले ठूलो योगदान रहेको तर अझै पनि सूचना पाउने वातावरण बन्न नसेको अवस्थामा रहेको र यसको कार्यन्वयनमा सहयोग र साथ दिन तयार रहेको बताउनुभयो । यसैगरी सूचनाको हकका लागि राष्ट्रिय सञ्जाल, नेपालका

संयोजक श्री उमिद बागचन्दले  आयोग केन्दमा मात्र रहेको, सूचना नदिनेलाई कारवाही हुन नसकेको, सूचना पाउन  प्रकृया लामो र झन्झट रहेको विचार व्यक्त गर्दै नियमावली संशोधन पारदर्शी बनाउन पर्ने विचार व्यक्त गर्नुभएको थियो । कार्यक्रमको उद्देश्यमाथि आयोगका सचिव श्री मणिराम ओझाले प्रकाश पार्नुका साथै स्वागत गर्दे कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

कार्यक्रममा सञ्जालका बागमती प्रदेश संयोजक श्री शर्मिला पण्डित, प्रदेश २ का संयोजक श्री मनोज रौनियार र श्री विष्णु चौलागाईले सूचनाको हकमा थप कार्य गर्नुपर्ने, सूचना पाउन सहज नभएको, अनावश्यक दुखदिने गरेको, आयोगको कामलाई छिटो छरितो बनाउन पर्ने, स्थानीय तहमा अलि बढी काम गर्नु पर्ने देखिएको जस्ता विषयहरु उठाउनुभएको थियो ।

कार्यक्रमको समापनमा आयोगका प्रमुख आयुक्त श्री महेन्द्रमान गुरुङज्यूले संयुक्त राष्ट्रसंघले घोषणा गरेपछि उक्त दिवस पहिलो पटक मनाउन लागिएकोले सूचनामा सर्वव्यापी पहुँच सम्बन्धी अन्तराष्ट्रिय दिवसका अवसरमा सवैमा शुभकामना व्यक्तगर्दै सूचनाको हकलाई कार्यान्वयन गर्न, थप बलियो बनाउन, नागरिकमैत्री बनाउन, कानूनी व्यवस्थाको कार्यान्वयन गर्न सबैको साथ र सहयोग आवश्यक पर्ने, आयोगले आफ्नो जिम्मेवारी पूरा गर्न प्रतिबद्ध रहेको बिचार व्यक्त गर्नुका साथै कार्यकमका वक्ताहरु, सहभागीहरुलाई धन्यवाद दिई कार्यकमको समापन गर्नु भएको थियो । यस दिवसका अवसरमा आयोगले विगतमा पनि कार्यकम आयोजना गर्ने गरेको तर यसपटक कोरोनाका कारण भर्चुअल बैठकमा सीमित हुनु परेको भए तापनि यस दिवसका आवसरमा सरोकारवाला सवैले सूचनाको हकको कार्यन्वयनमा प्रतिवद्धता देखाउन पर्ने विचार व्यक्त गर्नुभयो ।

(कमला ओली थापा)

मिति : २०७७ आश्विन १२ (28th September, 2020)

सूचना आयुक्त तथा प्रवक्ता